प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर
Inspector General of Police Basanta Bahadur Kunwar
Chief of Nepal Police

नेपाल प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं, नेपाल ।
Nepal Police Headquarters,
Naxal, Kathmandu, Nepal

## विजयादशमी, दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व- २०८१ को शुभकामना सन्देश

नेपाल प्रहरी संगठनमा आबद्ध सकल दर्जाका कर्तव्य परायण प्रहरी कर्मचारीहरू, अग्रज सदस्यहरू, प्रहरी परिवार तथा अमर प्रहरीका परिवारजनमा संगठन प्रमुखको हैसियतले नेपालीहरूको महान चाड विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व २०८१ को पुनीत अवसरमा व्यक्तिगत तथा व्यावसायिक सफलता, पारिवारिक सुस्वास्थ्य, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

आम जनसमुदायद्वारा चाडपर्व खुशियालीको साथ मनाउन पाउने नैसर्गिक अधिकार रहेको सन्दर्भमा शान्तिपूर्वक, भयरहित, कुनै दुःखद: घटना परि घटना बिना हर्षोल्लासको साथ चाडपर्व मनाउने अवस्थाको निर्माण गर्नु हामी सबैको कर्तव्य र धर्म हो । यस अवसरमा हुन सक्ने चुनौति तथा जोखिमको अवस्थामा अपनाउनु पर्ने सुरक्षा व्यवस्थापनमा समेत यहाँहरूलाई सजग र संवेदनशील हुन आग्रह गर्दै, सांगठनिक श्रीवृद्धीमा मन, वचन र कर्मले केन्द्रित रहन थप ऊर्जा एवं प्रेरणा मिलोस् भन्ने शुभेच्छाका साथ पुन: आसन्न विशेष चाडपर्वहरूको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद, जयनेपाल !**

मिति २०८१/०६/२३ गते

**प्रहरी महानिरीक्षक**
**(बसन्त बहादुर कुँवर)**